वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम नि:शुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

# गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १३५ ○श्रेणी 'क' ○२०७२ फाल्गुन ६ गते बिहीबार ○ 18 Feb. 2016 ○पृष्ठ ४ ○मूल्य रु. ५/-

Office Sale!
**1500 Sq Ft. office Sale** in front of Ratna emporium with inverter/Ac/Furniture/phone/intercom/wifi fully Decorated 3 cabin with 1for rest,Totally tiles floor & attached toilet (western)
**Cost:- Rs 40 lakhs but negottable**
Interested parties may contact on following number as early as possible
Contact:-98161-02216

### १२औं लेखनाथ महोत्सव शुरु

## आर्थिक विकास मुख्य एजेन्डा-राई

**विष्णुहरि पौडेल**
**पोखरा ५ फाल्गुन ।**

नेपाल सरकारका सूचना तथा सञ्चार मन्त्री शेरधन राईले मुलुकको समृद्धिका लागि आर्थिक विकास मुख्य एजेन्डा बनाउनुपर्नेमा जोड दिएका छन् । मुलुकमा असहज परिस्थितिको अन्त्य भएकाले अब समृद्धिका लागि एकमात्र एजेण्डा आर्थिक विकास भएको भन्दै उनले सरकार लगानी मैत्री वातावरण बनाउन लागिपरेको र राष्ट्र निर्माणको एजेण्डामा अन्तर्राष्ट्रिय लगानी भित्र्याउनेतर्फ केन्द्रित रहेको स्पष्ट पारे ।



बुधबारदेखि शुरु भएको १२ औं लेखनाथ महोत्सवको उद्घाटन गर्दै सरकारका प्रवक्ता समेत रहेका मन्त्री राईले सरकारले अघि सारेको 'हाम्रो धरहरा हामी बनाउछौं' भन्ने नारा जस्तै तीव्र आर्थिक विकास र समृद्धिका लागि मेरो लेखनाथ म बनाउछु भन्ने सोचका साथ अघि बढ्न आग्रह गरेका थिए ।

सरकारले गरेका कार्यहरुको संक्षेपमा जानकारी गराउँदै उनले पश्चिमाञ्चल क्षेत्रको विकासका लागि बनेका योजना कार्यान्वयनमा लाग्न जनप्रतिनिधिहरुलाई आग्रह गरे । स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न कृषिलाई आधुनिकीकरण र व्यवसायीकरण गरी प्राकृतिक सम्पदाको संरक्षण गर्नुपर्नेमा मन्त्री राइले जोड दिए । मन्त्री राईले एक बर्षभित्र लोडसेडिङ कम गर्ने र आगामी दुई बर्ष भित्र उर्जा संकटको अन्त्य गर्ने योजनामा सरकार रहेकोले सन २०२२ सम्ममा नेपाल विकसित देश बन्ने दावी गरे। पश्चिमाञ्चल क्षेत्रको विकासका लागि सरकार निजी क्षेत्रसंग सहकार्य गरी अगाडि बढ्न तयार रहेको स्पष्ट पार्दै राइले उत्तर तर्फको नाका विस्तार तदारुकताका साथ अगाडि बढेकोले भविष्यको ब्यापार भारत र चीन दुबै देशसंग विस्तार हुने बताए ।

कार्यक्रममा पूर्व स्वास्थ्य तथा जनसख्या मन्त्री खगराज अधिकारीले लेखनाथलाई व्यवस्थित शहरका रुपमा विकास गर्नुपर्नेमा जोड दिदै विकासका नाउमा राजनीति गर्न नहुने, दोषारोपण र नकारात्मक टिप्पणीले विकास अवरुद्ध हुने बताए। सांसद यज्ञबहादुर थापाले प्रदेश नं ४ का प्रमुख कार्यलयहरु का शाखा लेखनाथमा बनाउने पहल भईरहेकोले महोत्सवले लेखनाथको विकासमा थप टेवा पुग्ने विश्वास व्यक्त गरे।

नेपाल उद्योग वाणिज्य महासंघका प्रथम उपाध्यक्ष किशोर प्रधानले अघोषित नाकाबन्दीका कारण मुलुकको निजि क्षेत्र धराशायी भएको भन्दै व्यवसायीलाई राहत प्याकेज घोषणा गर्न, लगानीमैत्री वातावरण र सुरक्षाको प्रत्याभूति दिलाउन समेत आग्रह गरे ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मीप्रसाद त्रिपाठीको अध्यक्षमतामा भएको कार्यक्रममा क्षेत्रीय प्रशासक शंकर कोइराला, सांसद् शारदा पौडेल, नेपाली कांग्रेस कास्कीका सभापति कृष्ण के.सी, नेकपा एमाले कास्कीका अध्यक्ष कृष्ण थापा, एनेकपा माओवादी कास्कीका अध्यक्ष दिपक कोइराला, नेकपा माओवादी कास्कीका सचिवालय सदस्य गोकुल पराजुली, लेखनाथ नगरपालिकाका कार्यकारी अधिकृत लोकबहादुर भण्डारी, रुपाकोट रिसोर्टका संचालक पुष्प अधिकारी, स्याङ्जा उद्योग वाणिज्य संघका अध्यक्ष नवराज सुवेदी, पारालिगल कास्कीका अध्यक्ष कोपिला रानाभाट, संघका प्रथम उपाध्यक्ष कृष्णहरि भण्डारी, महासचिव छत्रधर आत्रेय र उद्घोषक नेत्रपाणि बाँस्तोला लगायतले शिथिल अर्थतन्त्रमा गतिशिल बनाउन महोत्सवले सहयोग पुऱ्याउने विश्वास व्यक्त गरेका थिए ।

महोत्सव उद्घाटन अघि लेखनाथ भित्र रहेका विभिन्न टोल विकास संस्था, आमा समूह लगायतको सांस्कृतिक झाँकी प्रदर्शन गरिएको थियो । महोत्सव फाल्गुन १६ गतेसम्म संचालन हुने महोत्सवमा ३ सय भन्दा बढी स्टलहरु रहेका छन् ।

## अगुवा सहकारीकर्मी श्रेष्ठको अप्रत्याशित निधन

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ फाल्गुन ।**

पोखरा उपमहानगरपालिका जाल्पारोड निवासी जगन श्रेष्ठको गएराति हृदयाघातका कारण निधन भएको छ । मंगलबार राति अचानक बिरामी परेका श्रेष्ठको उपचार समेत गर्न नपाइ आकस्मिक रुपमा निधन भएको हो । दिनभर सञ्चय सहकारीमा प्रवन्धकको रुपमा काम गर्दा सामान्य पेट दुखेको महसूस गरेका उनले बेलुका घरमा आएपछि खाना खाएर टेलिभिजन समेत हेरेपछि सामान्य अवस्थामा सुतेका थिए । तर राति करिब १२ बजेतिर दिउँसो भन्दा अलि बढी पेट दुखेको महसूस भएपछि उनले आफ्नी श्रीमती गीता र आफ्नै घरमा पसल गरि बस्नेलाई साथ लिएर ३/४ मिनेटको पैदल दुरीमा पर्ने मेट्रोसिटी अस्पताल पुगेका थिए । अस्पताल पुगेर उनले चिकित्सकसंग आफूलाई ग्यास्ट्रिकका कारण पेट दुखेको हुन सक्ने बताएपछि सामान्य औषधि सेवन गरेका थिए । तर औषधि सेवनबाट पनि पेट दुख्न कम नभएपछि उनको इसिजी गर्दा मुटुको धड्कन जटिल अवस्थामा पुगेको पत्ता लागेको थियो । त्यसपछि चिकित्सकको सल्लाह बमोजिम थप उपचारका लागि मणिपाल शिक्षण अस्पताल



जगन श्रेष्ठ

लैजाने तयारी गरिरहँदा मेट्रोसिटी अस्पतालमा नै उनको निधन भएको थियो ।

सञ्चय सहकारीका अध्यक्ष नारायण कार्कीले गोल्डेन न्यूज दैनिकलाई दिएको जानकारी अनुसार स्वास्थ्यकर्मीले उनको स्थिति गम्भीर रहेका कारण एम्बुलेन्समा मणिपाल शिक्षण अस्पताल पठाउन खोज्दा समेत श्रेष्ठले आफ्नो गाडी नजिकै भएकाले गाडी झिकेर ल्याउन आफ्ना सहयोगीलाई आग्रह गरेका थिए तर एम्बुलेन्समा नै उनलाई मणिपाल लैजाने भनेपछि बेडबाट उठेर हिंड्दै गर्दा अचानक उनी ढलेको र उनको तत्कालै निधन भएको थियो ।

५५ वर्षीय श्रेष्ठ पोखराको सञ्चय सहकारी संस्थाका प्रवन्धकको रुपमा कार्यरत थिए । उनले नेपाल बैंक लिमिटेड र नेपाल एक्सप्रेस फाइनान्स जस्ता वित्तिय संस्थामा काम गरेपछि सञ्चय सहकारीको स्थापनाकाल देखि कोषाध्यक्ष, सचिव र प्रवन्धक भएर काम गर्दै आएका थिए । उनी रोटरी क्लव अफ पोखरामा पनि आवद्ध थिए । श्रेष्ठका ३ छोरी रहेकोमा सबै नेपाल बाहिर रहेकाले उनको अन्त्येष्टि शुक्रबार तिर हुने भएको छ । तीन छोरी मध्ये माहिली छोरी शुक्रबारसम्म पोखरा आइपुग्ने र त्यसपछि मात्रै उनको दाहसंस्कार गरिने पारिवारिक स्रोतले जनाएको छ ।

**पराजुलीको निधन**

कास्कीको चापाकोट गाविस वडा नं. ६ घडेरीबाट पोखरा आइ बसोबास गर्दै आएकी देवकी पराजुलीको ७५ वर्षको उमेरमा निधन भएको छ। धार्मिक एवं सामाजिक कार्यमा उनी सक्रिय थिइन । पोखरा-१३, बाँझापाटनमा व्यापार व्यवसाय संचालन गर्दै आएका प्रेम प्रसाद पराजुली र सिद्ध उच्च मावि फलेपाटनमा अध्यापन गर्दै आएका शिक्षक ईश्वरी प्रसाद पराजुलीकी आमा देवकीको गण्डकी मेडिकल कलेज पोखरामा उपचारका क्रममा निधन भएको हो । उनी केही समयदेखि उच्च रक्तचाप र मधुमेह लगायतको रोगबाट पीडित थिइन ।



देवकी पराजुली

उनका २ छोरा र १ छोरी सहित नातिनातिना रहेका छन् ।

यसैगरी नेपाली कांग्रेस लेखनाथ नगरपालिका वडा नं. १४ कायैसमितिका पूर्व उपसभापति एवं स्थानीय समाजसेवी टेकबहादुर गुरुङको पनि निधन भएको । गुरुङको निधन पछि शोक एवं समवेदना व्यक्त गर्न सांसद यज्ञबहादुर थापा लगायतका कांग्रेस नेता कार्यकर्ताहरु गुरुङ निवास पुगेका थिए ।

यसैगरी सामुदायिक रेडियो प्रसारक संघका वरिष्ठ उपाध्यक्ष तथा नेपाल पत्रकार महासंघ गोरखाका पूर्व अध्यक्ष किशोरजंग थापालाई पितृशोक परेको छ । थापाका पिता ठाकुरजंग थापाको बुधबार ७६ वर्षको उमेरमा निधन भएको हो ।







## अनिश्चितकालिन चक्काजामको घोषणा

**गोल्डेन न्यूज संवाददाता**
**पोखरा ५ फाल्गुन ।**

पोखरामा नयाँ नगर वस सञ्चालनमा आएको विरोधमा उत्रिएका यातायात ब्यवसायीले बिहीवारदेखि गण्डकी अञ्चल भर आम चक्काजामको घोषणा गरेका छन् । बुधवार पोखरा नगर क्षेत्रमा सञ्चालन हुने र पोखराबाट छुट्ने सार्वजनिक सवारी बन्द गरेका ब्यवसायीले गण्डकी अञ्चलभर अनिश्चितकालिन आम चक्काजाम को घोषणा गरेका हुन् । पोखरा नगर क्षेत्रमा सञ्चालन हुने गरी विन्ध्यवासिनी वस ब्यवसायी समिति अन्तर्गतका तीन वटा नयाँ बसले रुट इजाजत पाएपछि पुराना ब्यवसायी आन्दोलित भएका हुन् । उनीहरुले नयाँ समितिको रुट इजाजत खारेज हुनुपर्ने माग राखेका छन् । समस्या समाधानका लागि भएका प्रयास विफल भएपछि यातायात ब्यवसायी राष्ट्रिय महासंघ अञ्चल कार्यालय गण्डकीको अगुवाईमा सबै सवारी बन्दको घोषणा गरेको सचिव भानुभक्त वरालले जानकारी दिए। बुधवार पनि पोखरा नगर क्षेत्रमा तीन वटा नयाँ बस सञ्चालनमा आउँदा अन्य ६ भन्दा बढी गाडी बन्द भएका थिए । यातायात व्यवसायी बीचको द्वन्दको कारण यात्रुले भने सास्ती खेप्नुपरेको छ। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको निर्देशनपछि यातायात ब्यवस्था विभागको पत्रका आधारमा यातायात ब्यवस्था कार्यालय गण्डकीले माघ १८ गते नयाँ समितिलाई बस सञ्चालनको रुट ईजाजत प्रदान गरेपनि केहि प्रक्रिया भने मिचेको पाईएको छ। पत्रमा रुट इजाजतका लागि स्थानीय स्तरको यातायात ब्यवस्था

**बाँकी ३ पृष्ठमा......**




## हार्दिक आभार एवं कृतज्ञता

**नेपाली काग्रेसको १३औं महाधिवेशन अन्तर्गत २०७२ माघ १५ र १६ गते सम्पन्न पोखरा उपमहानगर समितिको अधिवेशनमा अमूल्य मतदान गरि मलाई नेपाली काग्रेस पोखरा उपमहानगर समितिको गरिमामय सभापति पदमा निर्वाचित गराउनुहुने सम्पूर्ण मतदाता तथा पार्टीका क्रियाशिल सदस्यज्यूहरु,प्रत्यक्ष/ अप्रत्यक्षरुपमा मलाई सहयोग गर्नुहुने पार्टीका सम्पूर्ण अग्रज नेता, कार्यकर्ता र सदस्यज्यूहरु साथै शुभचिन्तक महानुभावहरु सम्पूर्णमा हार्दिक आभार एवं कृतज्ञता जाहेर गर्दछु। मेरो नेतृत्वमा निर्वाचित पोखरा उपमहानगर समितिका साथीहरुका साथै जिल्ला, क्षेत्र, गाउँ र वडा कार्यसमितिका सम्पूर्ण साथीहरुप्रति हार्दिक बधाई समेत ज्ञापन गर्दछु।**

साथै, आगामी दिनमा नेपाली कांग्रेसलाई सुदृढ, संगठित र एकतावद्ध बनाउँदै मुलुकको प्रमुख लोकतान्त्रिक शक्ति/राजनीतिक पार्टीको रूपमा स्थापित गरिरहन १३औं महाधिवेशनबाट निर्वाचित सबै तहका नेता र कार्यकर्ताको महत्वपूर्ण योगदान रहने विश्वास व्यक्त गर्दै यसका लागि आफ्नो तर्फबाट प्रतिवद्धता समेत व्यक्त गर्दछु।

जय नेपाल !



**वजिरमान श्रेष्ठ**
**सभापति**

**नेपाली कांग्रेस, पोखरा उप-महानगर कार्यसमिति**

## सूचना ! सूचना !! सूचना !!!

**पोखरा उपत्यका समेत गण्डकी अञ्चलको पर्यावरणीय छविलाई मध्यनजर गरि यस क्षेत्रमा रहेका सम्पूर्ण सार्वजनिक यातायात व्यवसायीहरुले समयानुकुल उपभोक्ताको आवश्यकता र चाहना अनुरुप परिमार्जन गर्दै लगिरहेको अवस्थामा राज्यको न्यून सहभागिता समेत नजनाई अझ अव्यवस्थित र लथालिङ्ग बनाउने गलत अभिप्रायका साथ पोखरा तथा गण्डकी अञ्चल क्षेत्रभित्र अनाधिकृतरुपमा सवारी साधन थप्ने कार्यको विरुद्धमा मिति २०७२ फाल्गुन ६ गतेदेखि अनिश्चितकालिन गण्डकी अञ्चल आम चक्काजामको घोषणा गरिएको हुँदा सम्पूर्ण गण्डकी अञ्चल निवासी आम उपभोक्ताहरुमा जानकारीका लागि नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकी अञ्चल समिति हार्दिक अनुरोध गर्दछ ।**

***साथै बाध्यात्मक यस कार्यबाट आम उपभोक्तालाई पर्न जाने असुविधाप्रति क्षमा चाहन्छौं ।***

**सिंह बहादुर कार्की**
**(अञ्चल संयोजक)**
**नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ**
गण्डकी अञ्चल समिति, पोखरा, कास्की

■ मानिस ठूलो दिलले हुन्छ जातले हुँदैन ।

*- महाकवि लक्ष्मीप्रसाद देवकोटा*

## सम्पादकीय ...

# खेलाडीले जोगाएको साख

दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गतको पुरूष फुटबलमा नेपालले २३ वर्षपछि स्वर्ण पदकको उपाधि हासिल गरेको छ । सोमबार बेलुका भएको फाइनलमा भारतलाई २-१ ले उसकै घरेलु मैदानमा हराएर १२औं सागअन्तर्गत पुरूष फुटबलको उपाधि हात पारेको हो । दक्षिण एशियाली महासंघीय खेलकुद (साफ गेम्स) का रुपमा नेपालको राष्ट्रिय टीमले सन् १९८४ मा पहिलो र सन् १९९३ मा छैटौं उपाधि जितेको थियो, त्यसयता नेपालले स्वर्ण पदक जित्न सकेको थिएन । सन् १९९९ मा दशरथ रंगशालामा आयोजित आठौं साफ गेम्समा नेपाल फाइनलमा बंगलादेशसँग १-० ले हारेर स्वर्ण पदक गुमाएको थियो । सन् २००६ देखि दक्षिण एसियाली खेलकुदको फुटबलमा २३ वर्षमुनिका खेलाडीले प्रतिस्पर्धा गर्दै आइरहेका छन् । सागमा २३ वर्षमुनिका युवा खेलाडीले जितेको यो नै पहिलो उपाधि हो । पुरूष फुटबलमा २३ वर्षपछि प्राप्त जितले नेपालको शिर उँचो बनाएको छ । यू-२३ का खेलाडीको यो सफलताले नेपाली फुटबलप्रति हेर्ने दृष्टिकोण र बिग्रँदो साख फिर्ता भएको अनुभूति भएको छ । साग खेलकुदमा स्वर्ण पदक दिलाउने युवा फुटबलर, प्रशिक्षक एवम् खेलसँग सम्बन्धित सबै पक्ष बधाईका पात्र बनेका छन् । नेपालले एक महिनाभित्र फुटबलमा दोस्रो उपाधि हासिल गरेर फुटबलमा नवयुगको सुरूवात गरेको छ । गत जनवरी २२ मा ढाकामा भएको बंगबन्धु गोल्डकपमा फाइनलमा बहराइन यू-२३ लाई ३-० ले हराएर राष्ट्रिय टिम च्याम्पियन भएको थियो । सोही टिमका खेलाडीले नै अहिले सागमा स्वर्ण पदक दिलाएका हुन् । पहिलो हाफमा भारतको घरेलु टीमले १ गोल गरी बलियो प्रदर्शन गऱ्यो । तर, नेपालले दोस्रो हाफमा उत्कृष्ट प्रदर्शन गर्दै सब्स्टिच्युट खेलाडी प्रकाश बुढाथोकीले गोल गरी बराबरीमा पुऱ्याएका थिए । दोस्रो गोलमा पनि प्रकाशले क्रस गरेको बललाई नवयुग श्रेष्ठले उत्कृष्ट गोल गर्दै उपाधि दिलाए । सागमा नवयुगले सातौं गोल गर्दै भुटान र माल्दिभ्सविरूद्ध ह्याट्रिक गरे । बंगबन्धु गोल्डकपमा पनि नवयुगले माल्दिभ्सविरूद्ध ह्याट्रिक गरेका थिए । सर्वाधिक गोलकर्ता नवयुग 'प्लेयर अफ दी टुर्नामेन्ट' घोषित भए । नेपाली खेलाडीको यो विजय खेल इतिहासमा स्मरणीय रहने छ । खेलाडी राष्ट्रका गहना हुन् । अहिले हाम्रा महान् खेलाडीहरु राष्ट्रका गहना र पहिचान बनेर नेपालको शिर उच्च राख्न सफल भएका छन् । अवसर पाए नेपाली खेलाडीले सफलता हासिल गर्न सक्छन् भन्ने गतिलो उदाहरणसमेत साग फुटबलमा प्रस्तुत गरेका छन् । साग फुटबलको फाइनलमा घरेलु मैदानमा भारतसँगको प्रतिस्पर्धा आफैँमा महत्वपूर्ण अवसर बन्यो । फिफा वरियताक्रममा नेपालभन्दा माथि रहेको भारतलाई उसकै खेल मैदानमा पराजित गर्नु चुनौतीपूर्ण रहेको थियो । नाकाबन्दी गरेर मन दुखाएको भारतका लागि रवाफिलो जित निकालेर नेपाली आत्मसम्मानमा लागेको ठेसको जवाफ नेपालले दिनुपर्ने थियो, जसलाई नेपाली खेलाडीहरुले सानदार प्रदर्शन गरेर देखाइदिए । दुई दशकपछि सागमा स्वर्ण पदक प्राप्त गरेर नेपालले ऐतिहासिक उपलब्धि हासिल गरेको छ । यही उपलब्धिलाई आमनेपालीले खुसीमा साटिरहेका छन् । नेपाली महिला फुटबल टीमले पनि फाइनलसम्मको यात्रा गऱ्यो । पछिल्लो सफलताले नेपाली फुटबल टीमले राष्ट्रका लागि अमूल्य योगदान दिने अपेक्षा लिइएको छ । राष्ट्रलाई स्वर्ण दिलाउने महान् खेलाडीहरुलाई बधाई एवम् शुभकामना !

## आजको पञ्चाङ्ग

**मिति २०७२ साल फाल्गुण ६ गते बिहीबार, तदनुसार फरवरी १८ सन् २०१६, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शिशिर ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार माघशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज माघशुक्लपक्षको एकादशी तिथि ५३ घटि ३३ पला अर्थात रातिमा ३ बजेर ५७ मिनेटसम्म त्यसउप्रान्त द्वादशी तिथि लाग्नेछ । आज सूर्य कुम्भ राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ । आज दिनमान २७ घटि ५४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४४ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ५३ मिनेटमा हुनेछ ।**

## आजको राशिफल

**मेष :** व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

**वृष :** जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

**मिथुन :** सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

**कर्कट :** जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

**सिंह :** पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

**कन्या :** टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

**तुला :** परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

**वृश्चिक :** गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

**धनु :** सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

**मकर :** आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

**कुम्भ :** काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

**मीन :** नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

**राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९**

# शक्तिजी, बन्द गर्नुस् सडकमा कार्टेल आतंक



✍ जीवन क्षेत्री

गृहमन्त्री हुनासाथ शक्ति बस्नेतले हावामा चलाएका धेरै तीरहरुमध्ये एउटा थियो: यातायातमा सिन्डिकेटको जालो तोड्छु। तर तिनको मन्त्रालय अन्तर्गत कास्कीका प्रमुख जिल्ला अधिकारी हरि मैनालीले अहिले पोखरामा सिन्डिकेट पक्षधरहरुले पुलिसकै अगाडि नयाँ व्यवसायीको गाडी तोडफोड गर्दा त्यसलाई मौन समर्थन गरेका छन् र काइते पारामा भनेका छन्: हेरौं, तोडफोडमा संलग्न हो कि होइन भनेर बुझ्छौं, त्यसै अनुसार कानूनीरुपमा अगाडि बढ्छौं।

कागजमा दशकौंदेखि सबै व्यवसायीको प्रतिस्पर्धाका लागि सडक खुलै छ। तर व्यवहारमा चाहिँ देशभरका सडक, नारायणी पश्चिम पूर्णरुपमा र नारायणी पूर्व आंशिक रुपमा, केही मानिसहरुको कब्जामा छन्। ती सडकमा राज्यको अरबौं रुपैयाँ लगानी परेको छ तर सार्वजनिक सवारी साधन चलाएर तिनबाट व्यवसायिक लाभ लिने चाहिँ मुट्ठीभर व्यवसायी मात्र छन्।

केही सडकहरु त यस्ता भइसकेका छन् जसले ओगटेको जग्गा यातायात व्यवसायीको कार्टेलले लालपुर्जासहित किनेको भान हुन्छ। ती सडकमा निजी सवारी साधनको समेत निर्बाध आवागमन हुन सक्दैन।

**कसरी यो अवस्थामा पुग्यौं हामी?**

पहिले सडक बन्यो। शुरुमा केही व्यवसायीले राम्रो नाफामा यातायात व्यवसाय थाले। बिस्तारै त्यो देखेर धेरै व्यवसायी त्यता आकर्षित भए। सडक निर्माणको रफ्तारसँगै जसरी आर्थिक गतिविधिहरु बढेर सडक वरपरका भौगोलिक क्षेत्रहरु समृद्ध होलान् भन्ने आम आकांक्षा थियो, त्यो पूरा हुन सकेन। फलस्वरुप सडकले दिन सक्ने आम्दानी यातायात व्यवसायमा मात्र खुम्चिन पुग्यो।

प्रतिस्पर्धा बढेर नाफा कम हुनुका साथै कमजोर राज्य भएको मौका पारेर व्यवसायीहरुका कार्टेल बने। ती कार्टेलहरुलाई एक ठाउँमा ल्याउने देशव्यापी मेगा कार्टेल बन्यो। बिस्तारै सडकमा प्रतिस्पर्धा विगतको कुरा भयो। कार्टेलिंगले नाफा सुनिश्चित गर्ने भएपछि सेवाको गुणस्तर खस्किँदै गयो। धेरै ठाउँमा यातायात व्यवसायीले यात्रीहरुलाई भेडाबाखालाई जस्तो व्यवहार गर्न थाले, गर्दैछन्।

समयक्रममा यात्रु र मालवाहक सामानको चाप बढेर गयो तर सवारी साधनको संख्या कार्टेलले निर्धारित गरिरहने अवस्था आयो। सेवाको स्तर निरन्तर गिर्दै गएसँगै पूराना, बिग्रिरहने, प्रदुषण बढी गर्ने तर लागत कम लागेर धेरै नाफा दिने साधनहरु सडकमा रहिरहे। १६ सिट क्षमताका साधनहरुले ३० जना मानिस बोक्नु सामान्य हुन थाल्यो। बिस्तारै क्षमताको दोब्बर वा तेब्बर यात्रु बोक्नुलाई व्यवसायीहरुले आफ्नो अधिकार ठान्न थाले। यात्रा गर्दा सुविधा भन्ने कुरा त बिर्सिइ नै सक्यो। भाडामा उस्तै मनपरी कायम भएर सरकारले तोकेको भन्दा दोब्बरसम्म भाडा असुल्नु सामान्य भयो।

यसैबीच नयाँ व्यवसायीका लागि यो क्षेत्र बन्द भयो। नयाँ आउन चाहने व्यवसायीहरु र पुरानो कार्टेलबीच विवादहरु चर्कन थाले। यात्रु र व्यवसायीबीच त सम्बन्ध राम्रो हुने कुरै भएन। यस्तो न्यूनस्तरको सेवा मानिसलाई बेच्नका लागि बिस्तारै यातायात व्यवसायीहरुको कार्टेल बिस्तारै गुण्डागर्दीमा उत्रिन थाल्यो। फलस्वरुप अहिले नेपालका बस, ट्रक र ट्यांकरहरुका महासंघ व्यवसायिक संस्थाभन्दा पनि संगठित गिरोहसित बढी मिल्छन्। प्रहरी र पार्टीका नेतासम्मको आशीर्वाद तिनलाई नभई यो अवस्था सम्भव नै थिएन।

यस्तो अवस्थामा समेत अत्याचारै भएपछि देशभर नयाँ आउन चाहने व्यवसायीहरुले ठूलो जोखिम उठाएर कार्टेलहरुलाई चुनौति दिइरहेका छन्। गाडीका नियमितजस्तो तोडफोडबीच आफ्नो ज्यानै दाउमा राखेर अहिले उनीहरुले कार्टेलिंगको जालो तोड्ने प्रयास गरिरहेका छन्।

धनगढी, रुकुम र दाङजस्ता ठाउँहरुमा ती धेरथोर सफल भएका भन्ने समाचारहरु आइरहेका छन्। तर पोखरा लगायत अरु धेरै ठाउँमा भने वर्षौंदेखि सवारी साधन किनेर रुट पर्मिट पाइसकेका व्यवसायीहरु समेत घाटा व्यहोरेर सवारी साधन नचलाई बस्न विवश छन्। अर्कोतिर सर्वसाधारण यात्रु चाहिँ या त चर्को भाडामा कोच्चिएर यात्रा गर्न विवश छन् या ठूलो आर्थिक भारमा निजी सवारी साधन किनेर चलाउन बाध्य छन्। त्यसले शहरहरुमा ट्राफिक व्यवस्थापन गर्नै नसक्ने गरी बढिरहेको छ, प्रदुषण उही गतिमा बढ्दो छ। समग्रमा, नेपालको सडकमा अहिले अराजकता छ र त्यो बिस्तारै हामीले थेग्न सक्नेभन्दा बाहिर जाँदैछ। तर सुखद् कुरा के भने, यसको समाधान त्यति जटिल छैन र त्यो समाधानका लागि राज्यलाई त्यति भार समेत पर्दैन।

त्यसका लागि पहिलो काम मन्त्रीलगायतका मानिसहरु बकबक गर्न छाडेर कामतिर लाग्नु चाहिँ पर्छ। यदि साँच्चै काम गर्ने हुन् भने शक्ति बस्नेतले पहिलो काम कास्कीका प्रजिअलाई कारवाही सहित सरुवा गरेर त्यहाँ पदीय जिम्मेवारी बुझेको र लोकलाज भएको मानिसलाई पठाएर सुरक्षाको वातावरण मिलाउनुपर्छ। त्यति मात्र हुने हो भने पोखरामा विन्ध्यवासिनी बस व्यवसायी समितिले प्रतिस्पर्धी र स्तरीय सेवा दिन थाल्छ। पुराना व्यवसायीले विरोधमा यातायात अवरुद्ध गरे भने त्यसलाई बलपूर्वक खोल्ने काम गर्न सक्ने मानिस त्यहाँको प्रशासनिक प्रमुख भएर जानुपर्छ। जनपथ प्रहरीले मात्र विरोध थेग्न सकेन भने सशस्त्र प्रहरीलाई परिचालन गर्ने हो र केही थान क्रेनहरु प्रयोग गर्ने हो भने कुनै पनि सडक अवरोध धेरै बेर टिक्न सक्दैन। दुईवटा ट्याक्सी तेर्स्याएर पनि सडक बन्द हुनु भनेको त हाम्रो राज्य र प्रशासनको निकम्मापनको परिचायक हो।

त्यसले पोखरामा मात्र हैन, देशभर कार्टेल तोड्न चाहने व्यवसायीहरुलाई अघि बढ्ने वातावरण बनाउँछ। लगानी गर्न नपाएर अहिले देशमा यति धेरै पुँजी निष्क्रृय छ कि खूला रुपमा लगानी गर्न र प्रतिस्पर्धात्मक रुपमा गाडीहरु चलाउन पाउने हो भने कार्टेलहरु निष्कृय भएको दुई महिनामा नेपालको यातायात क्षेत्रको कायापलट हुन सक्छ।

दीर्घकालका लागि चाहिँ सरकार योजनाबद्ध रुपमा लाग्नु आवश्यक छ। खास गरी काठमाडौं लगायतका ठूला शहरहरुका मूल रुटहरुमा ४५ देखि ५० सिटभन्दा कम क्षमताका सार्वजनिक साधनहरुलाई निषेध गर्नु त्यस्तो पहिलो काम हुनुपर्छ। त्यसो गर्दा ट्राफिक जामसमेत ह्वात्तै घटेर यात्राको समय निकै कम हुने देखिन्छ। त्यसका लागि रातारात सयौं त्यस्ता बस ल्याउनुपर्छ भन्ने समेत हैन, ६ महिना जति समय दिएर त्यसबीच आउने सबै नयाँ गाडी ठूलो हुनुपर्ने नियम बनाउने र मूल रुटमा चल्ने साना गाडीहरुलाई उपत्यकाको किनारातिर साना र साँघुरो बाटोतिर प्रतिस्थापन गर्ने नीति ल्याउनुपर्छ।

तर जुन समाधानको कुरा पनि अन्तत: कार्टेलिंगमा गएर ठोक्किन्छ। कार्टेलको अवरोध नभइदिएको भए साझा यातायातले उहिल्यै क्षमता बढाएर धेरै ठूला बस ल्याइसकेको हुने थियो भने सलाइको बाकसजस्ता बस वा माइक्रो चलाएर अकुत नाफा कमाउन पल्केका व्यवसायीको मनपरि नभएको भए नयाँ आउने व्यवसायीले धेरै ठूला बस भित्र्याइसकेका हुने थिए।

त्यसैले राज्यले के बुझ्नु जरुरी छ भने, अहिले पुलिस, ट्राफिक पुलिस र राजनीतिज्ञहरुलाई हात लिएर कायम रहेको कार्टेलिंगले सडकको यात्रा यातानामूलक मात्र बनाएको छैन, देशको अर्थतन्त्रलाई समेत गाँजेर बसेको छ। त्यो कसरी भने, एक त यो क्षेत्रमा आएर प्रतिस्पर्धात्मक व्यवसाय गर्न चाहने धेरै मानिस त्यो अवसरबाट वञ्चित छन्, अर्को, ढुवानी महंगो र अविश्वासिलो भएका कारण उद्योगी व्यवसायीहरु आहत छन्, जसको प्रत्यक्ष मार उपभोक्तासम्म परेको छ।

त्यति मात्र हैन, अहिले काठमाडौंभित्र साना सवारी साधन मात्र चल्दा सिर्जना भएको क्षमताको अभावका कारण विभिन्न ठाउँमा दैनिक १ लाख मानिस गाडी पर्खेर १ घण्टा बस्नु भनेको मानिसहरुको एक लाख घण्टा समय अनुत्पादक काममा खर्च हुनु हो। त्यो समय उत्पादक काममा लाग्ने हो भने अर्थतन्त्रमा झट्ट नदेखिने तर महत्वपूर्ण प्रभाव पर्छ। त्यसबाहेक माइक्रो र मिनिबसहरुमा घण्टौं कुप्रिएर यात्रा गर्दा मानिसमा देखिने ढाडको समस्यादेखि त्यसले सिर्जना गर्ने मानसिक तनावको त कुनै लेखाजोखा नै छैन। बहुप्रतिरोधी क्षयरोगजस्ता संक्रमणजन्य रोगहरु त त्यो अवस्थामा एक जनाबाट दशौं जनालाई सर्ने सम्भावना हुन्छ कि जबकी ठूला र खुला झ्याल हुने र हावाको आवागमन सहज हुने गाडीहरुमा त्यो सम्भावना निकै कम हुन्छ। समग्रमा, शहरी क्षेत्रमा मानिसले समयको उल्लेख्य हिस्सा सवारी साधनमा बिताउँछ। त्यहाँ रहँदाको समय प्रितिकर भयो भने उसको जीवनशैली नै फरक हुन्छ भने यात्राका क्रममा अहिले खेप्नुपर्ने यातना अधिकांश मानिसका लागि मुख्य चिन्ताको विषय हो। जो यस्तो यातनादायी यात्राको विकल्पका रुपमा दुई पांग्रे सवारी साधन चलाउँछन्, तिनको समस्याको झन् कुनै लेखाजोखा नै छैन।

सारमा, पहिले सडकको अराजकता अन्त नगरिकन देशको प्रगति सम्भव छैन। इच्छाशक्ति हुने हो भने यो गाह्रो काम हैन। सरकारको सानो सहयोग हुने हो भने देशभरका कार्टेलबाहिरका व्यवसायी र सर्वसाधारण त्यो काम सम्पन्न गर्न आतुर छन्। उपभोक्ता मञ्च कास्की अहिले विन्ध्यवासिनी बस व्यवसायी समितिका बस चलाउन दिइनुपर्ने पक्षमा भिडिरहेको छ भने चौतर्फी आतंक र तोडफोडका बीच पनि विन्ध्यवासिनीले बस गुडाइसकेको छ। गृह मन्त्रालयले अहिले पोखरामा प्रतिस्पर्धी व्यवसायी समिति टिक्ने व्यवस्था मिलाइदेओस्, छिट्टै नेपालमा यातायातको कार्टेल तासको घर झैं गर्ल्यामगुर्लुम ढल्ने यथेष्ट सम्भावना छ किनकी आम यात्रुहरु अब कार्टेलहरुबाट आजित भइसकेका छन्। जनताको करबाट बनेको सडक कुनै पनि व्यवसायीले पुर्ख्यौली सम्पत्तिको रुपमा भोग गर्ने अधिकार छैन। त्यही सडकमा फेरि भाडा तिरेर हिंड्नसमेत भेडाबाखाको व्यवहार खेप्नुपर्ने यो अवस्था तत्काल अन्त हुनुपर्छ।

गृह मन्त्रालयले तुरुन्त कास्कीका प्रजिअ मैनालीलाई कर्तव्य पालन गर्न वा दण्डित हुन बाध्य पारोस्, जिल्लाको शान्ति सुरक्षाको जिम्मा लिएको मानिसले निकम्मापनवश, लोभ लालच वा बदनियतवश कुनै पनि कारणले जिम्मेवारीबाट पछि हट्यो भने त्यो दण्डनीय काम हो। र देशभरका जिल्ला प्रशासनहरुको नेतृत्व गर्ने गृह मन्त्रालय यो जिम्मेवारीबाट भाग्न सक्दैन। कार्टेलबाट हुने व्यक्तिगत वा पार्टीगत लाभलाई बढी महत्व दिने हो भने अर्कै कुरा हो, नत्र यो मौकामा सडकका कार्टेलहरुलाई इतिहास बनाउन शक्ति बस्नेतलाई केहीले पनि रोक्नु हुँदैन। यदि उनी यस्तो मौकामा पनि चुक्छन् र टाउको निहुर्याएर कार्टेलहरुको अराजकता हेरेर बस्छन् भने हामी पनि हेरौंला अबको चुनावमा।

## स्टेप वाइ स्टेपमा हाजिरीजवाफ

**पोखरा ४ फाल्गुन ।**

पोखराको मासबारमा रहेको स्टेप वाई स्टेप उच्च मा.वि. हाजिरी जवाफ प्रतियोगिताको सम्पन्न भयो । नेपाल जुनियर रेडक्रस सर्कलले आयोजना गरेको प्रतियोगितामा कक्षा ८ र ९ का विद्यार्थीहरु सहभागी थिए । प्रतियोगितामा कक्षा ९ वी का सुजन पौडेल, प्रकृति पौडेल, प्रशन्न पराजुली, दीक्षान्त अधिकारीको समूह प्रथम, कक्षा ८ बी का शुलभ थापा, अमिश ढकाल, सुसिना गुरुङ र सफल के.सी. को समूह द्वितीय, कक्षा ९ ए को समूहले तृतीय र कक्षा ८ ए को समूहले सान्त्वना स्थान हासिल गरेको विद्यालयले जनाएको छ । कार्यक्रममा बोल्दै विद्यालयकी प्रिन्सिपल तथा नेजुरेस संरक्षक निर्मला बरालले शान्ति, अनुशासन, भाइचारा र कर्तव्यनिष्ठताको अभिवृद्धि हुनाका साथै व्यक्तिगत रुपमा सफल हुनको लागि प्रतियोगिता महत्वपूर्ण हुने बताइन । कार्यक्रममा नेजुरेस सचिव जनक न्यौपाने, सदस्य राधा अर्याल, कोषाध्यक्ष अञ्चला सापकोटा लगायतले बोलेका थिए । नेजुरेस अध्यक्ष पुष्पा विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रममा नेजुरेस शिक्षक नायक जगन्नाथ घिमिरे, सह-शिक्षक नायक राधाकृष्ण आचार्य, नेजुरेस सल्लाहकार संयोजक सूर्यप्रसाद लम्साल, क्वालिटी सर्कलका उपाध्यक्ष राधा सोनी लगायतको सहभागिता रहेको थियो ।

## लेखनाथ जेसीजको वार्षिकोत्सव

**पोखरा ४ फाल्गुन ।**

लेखनाथ जेसीजले बुधबार आफनो १९औं स्थापना दिवस मनाएको छ। पोखरा जेसिजको पहलमा १८ वर्ष पहिला स्थापन भएको लेखनाथ जेसीजले लेखनाथको तालचोकमा रहेको सचिवालयमा पूर्व अध्यक्ष तथा जेसीजका पदाधिकारीहरु एकै ठाउमा जम्मा भई आफ्नो स्थापना दिवस मनाएका हुन्।

लेखनाथ जेसीजका अध्यक्ष अर्जुन ओझाको अध्यक्षतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष बाबुराम जमकटेलले १९औं बार्षिकोत्सव लेखिएको केक काट्दै उपस्थित सबैलाई जेसीज अभियानमा सहभागी हुँदै राष्ट्रि निमार्णको अभियानमा लाग्नका लागि आग्रह गरेका थिए। कार्यक्रममा लेखनाथ जेसिजका पूर्व अध्यक्ष एल के शर्मा, सुरजंग राणा, नगेन्द्र बाँस्तोला, ऋषिराम जमकट्टेल, नविन बाँस्तोला र नगेन्द्र बराल लगायतले लेखनाथ जेसिज स्थापनाको अवस्था र जेसिजले लेखनाथको बिकासमा खेलेको भूमिकाको बारेमा जानकारी गराएका थिए।

लेखनाथ जेसिजका महासचिव संन्दिप ढुगानाले संचालन गरेको कार्यक्रममा धन्यवाद ज्ञापन निवर्तमान अध्यक्ष विनोद प्रसाद लामिछानेले गरेका थिए।


## बैंक व्यालेन्स

बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

सम्पर्क

९८२६१-०६६०२

## तु-अवश्यकता

| | |
|---|---|
| एकाउन्टेन काउन्सिलर | - २/ १ जना |
| रिसेप्सनिष्ट (विभिन्न) | - ४ जना |
| मन्टेश्वरी टिचर(स्कुल) | - २ जना |
| मोबाइल पसल/बाईक शोरूम (सेल्समेन) | - ४ |
| फेन्सीडिपाट मेन्टल (सेल्समेन) | - ५ जना |
| सहकारी मार्केटिङ | - ३ जना |
| स्कूटी वा लाईसन भएको लेडिज | - १ जना |

*हामी तपाईहरुलाई पोखरामा चाहिने सम्पूर्ण खालको काम र कामदार उपलब्ध गराउछौं ।*

**सन्ध्या कन्सल्टेन्सी, बुद्धचोक, पोखरा**
०६१-४३२६९०, २२९७७८, ९८४६१६६५८०


## हार्दिक समवेदना



जन्म: वि.स.:२०६९

स्वर्गारोहण वि.स.:२०७२/१०/२३

**स्व. हीरादेवी पौडेल**

नेपाली कांग्रेसकी क्रियाशिल सदस्य एवं नेपाल महिला संघकी क्षेत्रीय प्रतिनिधि **हीरादेवी पौडेल**को अकल्पनीय एवं दु:खद् निधन भएकोमा हामी अत्यन्तै स्तव्ध एवं मर्माहत भएका छौं। उहाँको निधन भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजन एवं कांग्रेसजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं ।

**महेश्वर पौडेल**
सभापति एवं
**नेपाली कांग्रेस, पो.उ.म.न.पा.-१९ परिवार**


## खुशीको खबर !



**के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने, ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ ।** ***महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।***

**अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)**
**वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९**

## विदेश जानेहरूका लागि सुवर्ण अवसर

**Macow, Abudabi** को **Spark, Middle East, Star** र **Al Jaber Coin** दुवई र कतारको **Grup-4 Security** कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

**हाम्रा विशेषताहरू :-** **तयारी कक्षा धमाधम चलिरहेको छ ।**

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराइने ।

❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

**सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

## "रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

# योर्स ट्रेड कन्सर्न

*एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान , वाटर प्रुफिङ गरिन्छ ।*

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१

अमरसिंहचोक, पोखरा, कास्की

**डिलर: एशियन पेन्ट**

**नेपालमा सर्वाधिक रूचाईएको पेन्ट**

